**खप्तड छेडेदह गाउँपालिका अध्यक्ष दिल बहादुर रावत ज्युले**

**मिति २०८३।०३।१० गते गाउँ सभामा प्रस्तुत गर्नुभएको**

# खप्तड छेडेदह गाउँपालिकाको

# आर्थिक बर्ष २०८३।०८४ को

# बार्षिक नीति तथा कार्यक्रम

**खप्तड छेडेदह गाउँपालिका**

**गाउँकार्यपालिको कार्यालय**

**डोगडी, बाजुरा**

**दिल बहादुर रावत**
**गाउँपालिका अध्यक्ष**



Scanned with CamScanner

## आ.व २०८३/०८४ को लागि गाउँसभामा पेश भएको नीति तथा कार्यक्रमहरु

गाउँसभा सदस्य ज्यूहरु,

नागरिकको निकट रहेर सेवा प्रवाह गर्ने अवसर नेपालको संविधान २०७२ ले स्थानीय सरकार लाई प्रदान गरेको छ जुन हाम्रा लागि चुनौती र अवसर दुवै हो। अवसर यो अर्थमा हो कि जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी दुबैको साझा लक्ष्य उदेश्य भनेकै जनताको सेवा हो जुन पहिलो सेवा दिने जिम्मेवारी स्थानीय सरकारले प्राप्त गरेको छ, चुनौती यो अर्थमा छ कि सिमित श्रोत,भौगोलिक कठिनाई,न्यून पूर्वाधार विकासको अवस्था बाट नागरिकको जिवनस्तर उकासी सबै नागरिकका न्युनतम आवश्यकता परिपूर्ति गरि भोक र रोग बाट मुक्त बनाउदै न्युनतम रोजगारी सिर्जना गर्नु हाम्रा लागि ठुलो चुनौतिको रुपमा रहेको छ। बदलिदो भू-राजनीतिक परिवेश,सुविधामुखी नागरिक, बसाईसराई नियन्त्रण जस्ता यावत समस्यालाई मध्यनजर गरि स्थानीय तहको खर्च आवश्यकता, संघीय सरकार र प्रदेश सरकार बाट प्राप्त अनुदान र स्थानीय तहले उठाउन सक्ने कर राजस्वको प्रकृति हेर्दा स्थानीय सरकारले संघीय सरकारकै भर पर्नु पर्ने बाध्यता सिर्जना गरिरहेको छ जुन आफैमा चुनौतिपूर्ण रहेको छ। संघीयताको सफल कार्यान्वयनको लागि स्थानीय शासन सबल र सफल हुनु अनिवार्य र अपरिहार्य रहेको छ।लोकतान्त्रिक शासन व्यवस्थाको मूल मर्म लोककल्याणकारी शासनका माध्यम बाट जनहित अनुकुल काम गर्नु रहेको छ। बढ्दो आर्थिक असमानता,बढ्दो युवा बेरोजगारी र गरिबीको दुष्चक्र तोड्न आवश्यक न्युनतम श्रोत जुटाउन पनि संघीय र प्रदेश सरकारको भर पर्नु पर्ने बाध्यात्मक अवस्थाबाट छुटकारा पाई दिगो विकासका लक्ष्य प्राप्ति गर्नको लागि पनि स्थानीय सरकार सबल बन्नुपर्ने आवश्यकता रहेको छ। सामाजिक न्याय सहितको आर्थिक बृदी र आर्थिक विकास आजको आवश्यकता रहेको छ।२०७९ को स्थानीय तहको निर्वाचनमा हामि निर्वाचित भएपछी हामीले चार बर्षको समय व्यतित गरिसकेका छौं। सिमित स्रोत र साधनका बिचमा असिमित आवश्यकतालाई मध्यनजर गरि पुरा गर्नुपर्ने हाम्रा कतिपय कामहरु पुरा हुन सकेका छैनन। विकास निरन्तर र क्रमिक प्रकिया भएकोले प्रतिबद्धता बमोजिमका कामहरु निरन्तर चलिरहनेछन्। नेपालको संविधानमा मुलुकको राष्ट्रिय हित, सामाजिक न्याय सहितको लोकतान्त्रिक मुल्यमान्यतामा आधारित समतामुलक, सबल र समृद्ध नेपालको निर्माण गर्न संस्थागत प्रबन्ध गरिएको छ। संघीयता लागु भएपछिको स्थानीय सरकारको द्रोश्रो कार्यकालको नेतृत्व गर्ने अवसर गाउँपालिका बासिहरुले हामिलाई दिनुभएकोमा सो जिम्मेवारीको कार्यान्वयनको क्रममा यस खप्तड छेडेदह गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु। यस घडीमा नेपाली जनताले मुलुकको सार्बभौमिकता, भौगोलिक अखण्डता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र, सुशासन स्थापना गर्नको लागि भएका आन्दोलनमा ज्यान गुमाएका ज्ञात अज्ञात शहिद र घाइते हरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

संघ, प्रदेश र स्थानीय तह बिच सहकारिता,सहअस्तित्व र समन्वयमा आधारित भइ शासन संचालन गर्ने नेपालको संबिधान २०७२ को मूल मर्म अनुसार शासन व्यवस्थाका अधिकतम लाभहरु आम नागरिक सम्म पुर्याउने हाम्रो साझा लक्ष्य उदेश्य रहेको कुरा अवगतनै छ । जन्म देखि मरण सम्मका सबै कुराको सारथि स्थानीय सरकार भएकोले स्वभाविक रुपमा स्थानीय सरकार माथि बढी आशा र अपेक्षा रहनुलाई हामीले स्वाभाविक रुपमा लिएका छौं। स्थानिय तहको शासन संचालन र व्यवस्थापनको जिम्मेवारी चुनाव मार्फत हामीलाई सुम्पदा सुशासन र सामाजिक न्याय सहितको दिगो र फराकिलो आर्थिक विकास गर्नु हाम्रो साझा लक्ष्य उदेश्य रहेको कुरामा हामि एकमत छौं।



दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

खप्तड छेडेदह गाउँपालिकाको आर्थिक,सामाजिक,धार्मिक, जातिय, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र दिगो पूर्वाधार निर्माण मार्फत सामाजिक न्याय सहितको बिकास र सम्वृद्धि हासिल गरि सबै क्षेत्र र समुदायलाई विकासको मुल धारमा समाबेस गर्ने हाम्रो लक्ष्य उदेश्य र दृढता बाट हामि बिचलित भएका छैनौं। गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा आर्थिक वर्ष २०८२।०८३ मा गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं। यसै क्रममा आ.व. २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको निर्माण गरि यस सम्मानित सभा मार्फत कार्यान्वयन गर्ने तयारीका लागी जुटेका छौं। नेपालमा रहेका मौजुदा कानुन र स्थानीय तहले निर्माण गरेका कानुन बमोजिम यस गाउँपालिकाले लिएको बार्षिक लक्ष्य तथा उदेश्य बमोजिम यस भन्दा अघिका वर्षमा स्विकृत भएका नीति तथा कार्यक्रमलाई समेत आधार मान्दै मौजुदा ऐन कानुनको परिधिभित्र रही गाउँपालिका बासि समक्ष गरेका प्रतिवद्धता बमोजिम आगामी आ.व.को नीति तथा कार्यक्रम तयार गरेका छौं। गाउँपालिकाले प्रवाह गर्ने सेवा लाइ शुसासनयुक्त प्रतिबद्ध, सहभागितामुलक र जवाफदेहि बनाउदै उपलब्ध स्थानीय साधन स्रोतहरुको अधिकतम उपयोग गरि आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम तय गरि यो सम्मानित सभा मार्फत स्वीकृत गरि कार्यान्वयन हुने र यसले गाउँपालिकाको समग्र विकासमा महत्वपुर्ण भुमिका खेल्ने विश्वास लिएको छु।

गाउँपालिकाको आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम निर्माणको चरणमा छौ | नेपालको संविधान, स्थानीय सरकार सन्चालन ऐन २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सोह्रौं योजना, प्रदेश आवधिक योजना र दिगो विकासका लक्ष्य,नेपाल सरकार र प्रदेश सरकारको मार्गदर्शन, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकामा गठित विभिन्न विषयगत समितिहरुबाट भएका निर्णयहरु बिभिन्न राजनीतिक दल र नागरिक समाज र बिद्दत वर्ग बाट प्राप्त राय सुझाबहरुका आधारमा आ.व २०८३।०८४ को वार्षिक निति तथा कार्यक्रम तयार गरी यस सम्मानित सभामा पेश गरेको छु।

**कृषि, स्वास्थ्य, शिक्षा र भौतिक पुर्वाधार, वन, पर्यटन, सुशासन, सम्बृद्ध खप्तड छेडेदहको आधार** भन्ने मूल नारा लाई आत्मसाथ गरि आफ्ना नियमित कार्यहरु गदै आएको खप्तड छेडेदह गाउँपालिकाले आ.व २०८३।०८४ मा पेस गरेको नीति तथा कार्यक्रमका प्राथमिकताहरु देहाय बमोजिम हुनेछन।

१. बहुवर्षिय र क्रमागत योजनाहरु तथा ठुला दिर्घकालिन महत्वका पुर्बाधार निर्माणमा जोड दिइनेछ।
२. कृषि क्षेत्रलाइ रोजगारी संग जोड्न बाझो जमिन रहित गाउँपालिका निर्माण गर्ने ।
३. आम नागरिकको दैनिकी संग जोडिएका जनताको लागि आर्थिक आय आर्जन गर्न सकिने योजनाहरु निर्माण गर्ने।
४. सबै क्षेत्र, बर्ग, लिंग र समुदायको साझा हित हुने गरि सामाजिक न्याय सहितको दिगो आर्थिक बिकास गर्ने ।
५. कला संस्कृतिको संरक्षण र प्रवर्द्धन मार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने ।
६. सामुदायिक विद्यालय लाइ नीजि विद्यालयको विकल्प हुने गरि बृहत शैक्षिक सुधार गर्ने ।
७. कृषि क्षेत्रलाइ जीविकोपार्जनको रुपमा मात्र नभई उत्पादनमुलक बनाइ बजारीकरण गर्ने ।
८. पशुपालन लाई व्यवसायिक बनाइ मासु र दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने ।
९. वातावरण संरक्षणमा जोड दिई स्वच्छ वातावरण प्रवर्द्धनमा जोड दिइने।
१०. संघीय सरकारको स्प्रिट र जेन-जेड आन्दोलनको मर्म बमोजिम सुशासन स्थापना र संस्थागत विकासमा जोड दिइनेछ।
११. सुचना प्रविधिको आधुनिकीकरण गरि कृतिम बौद्धिकता (AI) मैत्री संरचना निर्माण गर्ने।
१२. पर्यटन बिकासका लागि गुरु योजना निर्माण गरि कार्यान्वयन गर्ने।

**गाउँसभाका सदस्यज्यूहरु**

अब म क्षेत्रगत रुपमा वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु।



**दिल बहादुर रावत**
**गाउँपालिका अध्यक्ष**

(क) **सुशासन तथा संस्थागत विकास तर्फः-**

१. संगठन व्यवस्थापन सर्वेक्षण गरि संगठन संरचना चुस्त बनाइनेछ।स्वीकृत दरबन्दी तेरिज अनुसार स्थायी दरबन्दीमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गरिनेछ ।

२. गाउँपालिकाको आवधिक विकास योजना २०८३/०८४-२०८७/०८८ निमार्ण गरि कार्यान्वयन गरिनेछ ।

३. हेलो सरकार कार्यक्रम अन्तर्गत स्थानीय तहमा नागरिक सम्बाद कार्यक्रमको रुपमा प्रत्येक तिन महिनामा योजना बिकास प्रकिया र गुनासो सुनवाई अन्तरक्रिया गर्ने व्यवस्था गरिनेछ ।

४. सूचना प्रविधिलाइ आधुनिक बनाइ कृतिम बौद्धिकता (AI) मैत्री पूर्वाधार निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

५. गाउँपालिका बाट प्रवाह हुने सुचनाहरुलाई पूर्णतया Paperless बनाई digitalized गरिनेछ।

६. सार्वजनिक सेवा प्रवाहलाइ सुचना प्रविधिमा आधारित बनाउन जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम संचालन गरिनेछ ।

७. शुन्य बेरुजु नीति अन्तर्गत बेरुजु पर्छ्यौट तथा समपरीक्षणको लागि प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा ५ सदस्यीय समिति गठन गरि आवश्यक कागजात तयार गरि समपरीक्षणको लागि महालेखापरीक्षकको कार्यालय संग समन्वय गरिनेछ ।

८. सार्वजनिक सेवा प्रवाहमा नागरिक सन्तुष्टि सर्वेक्षण गर्न व्यवस्था गरिनेछ ।

९. बढ्दो बेरोजगारी समस्यालाई दृष्टिगत गरि सिपमुलक संस्था संग सम्झौता र सहकार्य गरि कम्तिमा एक वडा बाट १० जना व्यक्तिहरुलाई समाबेशी तरिकाले छनोट गरि ३ महिने आधारभूत सिप विकास तालिम संचालन गरिनेछ ।

१०. गाउँपालिका अन्तर्गत कार्यरत उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरष्कृत गरिनेछ ।

११. अत्यावश्यक सामाग्री बाहेक सम्पूर्ण खरिद प्रकियालाइ online बोलपत्र मार्फत गर्ने व्यवस्था गरिनेछ ।

१२. LGPASS को सूचकहरुलाई मध्यनजर गरि शाखाहरुलाई तालिम प्रदान गरि सुधार गर्नुपर्ने क्षेत्र पहिचान गरि आवश्यक सुधार गरिनेछ ।

१३. क्षमता विकास सम्बन्धि तालिमको आवश्यकता पहिचान गरि Traning Need Analysis (THA) को आधारमा जनशक्ति विकास योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१४. गाउँपालिकाले निर्माण गरि कार्यान्वयनमा रहेका ऐन,नियम,कार्यविधि हरुलाई एकीकृत गरि कानुन संग्रह प्रकाशन गरिनेछ ।

१५. उपभोक्ता समितिहरुलाई योजना निर्माण सम्बन्धि तालिमको व्यवस्था गर्नुका साथै उपभोक्ता समितिबाट निर्मित योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरि कार्यविधि निर्माण गरिनेछ।

१६. संस्थागत सुशासन प्रवद्धन गरि कर्मचारी शिक्षक लाइ जवाफदेही बनाउन गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा माध्यमिक तह संचालन रहेका विद्यालयमा E-हाजिरि जडान गरिनेछ ।

१७. Vilage profile लाइ अध्यावधिक गरि भिडियो चित्र सहितको Digtal profile निर्माण गरिनेछ।

१८. संघीय सरकारको खर्च कटौती गर्ने योजना अनुसार दरबन्दी बाहेका करार कर्मचारीको म्याद थप गरिने छैन।

१९. एक व्यक्ति एक पदको नीति लागु गरिनेछ ।

**दिल बहादुर रावत**
**गाउँपालिका अध्यक्ष**



Scanned with CamScanner

## ख) सामाजिक विकास तर्फ

१. सामुदायिक बिद्यालयको दरबन्दी संरचना पुनरावलोकन गर्नको लागि समिति गठन गरि भाद्र मसान्त भित्र प्रतिवेदन पेश गर्ने गरि कार्यजिम्मेवारी प्रदान गरि आवश्यकता र औचित्यताको आधारमा दरबन्दी संरचना पुनरावलोकन कार्तिक महिना भित्र गरि सक्ने गरि कार्यप्रकिया अगाडी बढाइनेछ।

२. स्वयंसेवक शिक्षक दरबन्दीलाई आवश्यकता र औचित्यको आधारमा पुनरावलोकन गरिनेछ।

३. सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धन र सुधार गर्न "हाम्रो बिद्यालय राम्रो विद्यालय" भन्ने नारालाई आत्मसात गर्दै कमजोर सिकाई उपलब्धि भएका बिषयमा सिकाइ उपलब्धि सुधार गर्न थप कक्षा संचालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

४. माध्यामिक तहको SEE परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यालय र विद्यार्थी लाई सम्मान गरिनेछ ।

५. एम्बुलेन्स सेवालाई सहज बनाइ आवश्यकता र औचित्यताको आधारमा अति बिपन्न, जेष्ठ नागरिकलाई सहुलियत दरमा र सुत्केरी महिलालाई निशुल्क संचालन गरिनेछ ।

६. सामुदायिक बिद्यालयमा रहेका बिद्यार्थी संख्या र भौगोलिक अवस्थाका आधारमा बिद्यालय समायोजन गर्ने गरि कार्ययोजना निर्माण गरिनेछ ।

७. महालेखा परीक्षक कार्यालय बाट प्राप्त सुझाव र राष्टपति रनिंग सिल्ड प्रतियोगिता लाई व्यवस्थित गर्न शिक्षा शाखा प्रमुखको संयोजकत्वमा समिति निर्माण गरि पालिका स्तरिय र जिल्ला स्तरीय राष्ट्रपति रनिग शिल्ड प्रतियोगितामा सहभागिता र खर्च लाई एकद्वार प्रणाली बाट संचालन गरिनेछ ।

८. गैर सरकारी संस्थाहरुले गर्ने खर्च लाई एकद्वार प्रणालीमा आवद्ध गरि छुट्टै डेस्क संचालन गरिनेछ र गैरसरकारी संस्थाले गर्ने बजेट खर्च गाउँकार्यपालिकामा पेश गरि स्वीकृत कार्यक्रम बमोजिम दोहोरो नपर्ने गरी मात्र खर्च गर्ने व्यवस्था गरिनेछ ।

९. पालिका स्तरमा कार्यान्वयन हुने बिभिन्न गैरसरकारी संस्थाको योजनाको खर्च र प्राप्त उपलब्धिको अनिवार्य समिक्षा गर्ने व्यवस्था गरिनेछ ।

१०. महिला,बालबालिका, जेष्ठ नागरिक,एकल महिला,युवा,दलित, पछाडी परेको वर्ग,अपाङ्गता भएका व्यक्ति आदिलाई जीवनयापनमा सहयोग पुग्ने गरि लक्षित कार्यक्रम संचालन गरिनेछ ।

११. संस्थागत बिद्यालयले कुल बिद्यार्थी संख्याको ५ प्रतिशत अनिवार्य निशुल्क छात्रवृतिको व्यवस्था गर्नुपर्नेछ ।

१२. सामुदायिक बिद्यालयको लेखा प्रणाली लाइ व्यवस्थित बनाउन सामुदायिक विद्यालयका लेखामा कार्यरत कर्मचारी लाई लेखापालन तालिम प्रदान गरिनेछ ।

१३. सुत्केरी कोसेली कार्यक्रम अन्तर्गत आमा र बच्चाको स्वास्थ्य र सरसफाई प्रवर्दन गर्ने गरि सुत्केरी कोसेली कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१४. लैगिक समानता र समावेशीकरण प्रवर्द्धन गर्ने गरि विभिन्न दिवसीय कार्यक्रम संचालन गरिनेछ ।

१५. गाउँपालिका अन्तर्गतका महिला संजाल हरुलाइ नेतृत्व विकास सम्बन्धि अभिमुखीकरण कार्यक्रम सन्चालन गरिनेछ ।

१६. बालबिवाह,बहुबिबाह,बोक्सी घरेलु हिँसा जस्ता सामाजिक कुरीति कुसंस्कार अन्त्यका लागि वडा र टोल स्तरमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१७. नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजना तेस्रोको कुपोषणको अन्त्य, मानबपुँजी निर्नाण र समग्र आर्थिक सामाजिक विकास गर्ने दिर्घकालिन सोच पुरा गर्न , मानब जिवनचक्रमा पोषणको अवस्था सुधारको लागी पोषण बिशेष तथा पोषण संवेदनशिल सेवाको उपलब्धता र गुणस्तर सुधार तथा समतामुलक पहुँच र उपभोगको सुनिश्चतता गर्न महिला,बालबालिका तथा



दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

किशोरिको कुपोषण न्यूनिकरण, रोकथाम,नियन्त्रण र व्यवस्थापन सम्बन्धि स्थानिय तहको अधिकारलाई सहजिकरण गर्दै गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणाका सुचकहरु पुरा गर्न आवश्यक बजेट बिनियोजन गरि पोषणमैत्री स्थानिय शासनलाई संस्थागत गरिनेछ ।

१८. दिर्घरोगीहरु (मुटु रोग,मिर्गौला प्रत्यारोपण,क्यान्सर लगायत विभिन्न रोगहरु) लाई स्वास्थ्य उपचारको लागि आवश्यक सहयोग गर्नुका साथै थप सहयोगका लागि विभिन्न निकायसंग समन्वय गरिनेछ।

१९. गाउँपालिका भित्रका कुनै पनि गर्भवती महिला सुत्केरी आमा र शिशुलाई अकाल मृत्युबाट जोगाउन मातृ मृत्यु तथा नवजात शिशु आकस्मिक कोषको स्थापना गरिनेछ।

२०. महिला स्वास्थ्य स्वयमसेविका लाई सुरक्षित मातृत्व सम्बन्धि तालिम प्रदान गरिनेछ ।

२१. मेडिकल शिक्षा (MBBS) अध्ययन गर्नको लागि प्रवेश परिक्षा पास गरेका खप्तड छेडेदह गाउँपालिका स्थायी ठेगाना भएका सामुदायिक विद्यालयमा अध्ययन गरेका र नेपाल सरकार अन्तर्गतका निकायले लिने प्रवेश परिक्षा पास गरेका २ जना (एक महिला र एक पुरुष लाइ) लाइ छात्रवृति प्रदान गरिनेछ ।

२२. बैदेशिक रोजगारी बाट फर्किएका र बेरोजगार युवाहरुको सिप र कुशलतालाई प्रयोग गर्ने गरि कार्यविधि निर्माण गरि सीपमूलक तालिम संचालन गरिनेछ ।

२३. प्रारम्भिक बालविकास र आधारभूत विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको स्वास्थ्य र सिकाइ प्रवर्दन गर्नको लागि महिनामा एक पटक स्वास्थ्य जांच गर्ने व्यवस्था गरिनेछ ।

२४. संस्थागत-सामुदायिक विद्यालयको सिकाइ आदानप्रदान गर्ने गरि साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

२५. प्राविधिक शिक्षालाइ रोजगारी संग जोड्नको लागि पढाई संगै कमाइ कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

२६. शैक्षिक गुणस्तर सुधारका लागि अविभावक शिक्षा लागु गरिनेछ ।

२७. सम्पूर्ण नागरिकलाइ स्वास्थ्य बिमा अनिवार्य गरिने नीति लिइनेछ ।

२८. महिला स्वास्थ्य स्वयमसेविका मार्फत स्वास्थ्य सरसफाई र मातृ स्वास्थ्य प्रवर्दन गर्न जनचेतनामुलक कार्यक्रम संचालन गर्नुका साथै यातायात तथा संचार खर्च बापत मासिक दुइ हजार प्रदान गरिनेछ ।

२९. आयुर्वेदिक चिकित्सा प्रणालीलाई प्रोत्साहन गर्दै गाउँपालिकामा नागरिक आरोग्य केन्द्रको स्थापना गरिनेछ ।

**ग) आर्थिक विकास तर्फ**

१. कर सहभागिता मार्फत समवृद्धि भन्ने मूल नारा लाइ आत्मसाथ गरि प्रगतिशिल करका माध्यमबाट कर सहभागिता अभिबृद्धि गरिनेछ ।

२. **स्टार्टप मोडेलमा** २० देखि ४५ बर्ष उमेर समुहका उध्यम गर्न चाहने युवायुवती लाई प्राथमिकतामा राखी सिप विकास कार्यक्रम संचालन गरिनेछ ।

३. व्यावसाय कर लाइ कडाइका साथ कार्यान्वयन गरिनेछ र पालिका भित्र संचालित व्यवसाय अनिवार्य रुपमा दर्ता गरि मात्र संचालन गर्ने व्यवस्था गरिनेछ ।

४. सुशासन र संस्थागत विकास मार्फत सम्वृद्धि हासिल गर्ने नेपाल सरकारको लक्ष्य अनुरुप सार्वजनिक खर्च लाई पूर्ण पारदर्शी, जवाफदेही बनाइ गाउँपालिकाले गर्ने भुक्तानी प्रक्रियालाई सरल सहज बनाउन नमुना भुक्तानी किताब प्रकाशन गरिनेछ ।

५. आर्थिक पारदर्शीता मार्फत शुन्य बेरुजु नीति अबलम्बन गर्ने नीति अनुरुप आर्थिक अनुशासन सहित गाउँपालिका मार्फत संचालन हुने कार्यक्रम,आयोजना, योजना र उपभोक्ता समिति लाई योजना कार्यन्वयन सम्बन्धि अभिमुखीकरण तालिम संचालन गरिनेछ ।



**दिल बहादुर रावत**
**गाउँपालिका अध्यक्ष**

Scanned with CamScanner

६. उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुमा देखिने बेरुजु लाइ मध्यनजर गरि उपभोक्ता समितिको क्षमता अभिबृद्धि गर्न बेरुजु न्यूनीकरण सम्बन्धी उपभोक्ता समितिहरुलाई तालिम संचालन गरिनेछ ।

७. घट्दो आन्तरिक आम्दानी र संघीय सरकार र प्रदेश सरकार बाट प्राप्त आम्दानी बाट अपुग खर्च आवश्यकता पुरा गर्नको लागि स्थानीय करका अतिरिक्त ठेक्का मार्फत कार्यान्वयन हुने योजनामा १ प्रतिशत पूर्वाधार शुल्क उठाइनेछ ।

८. कृषकले उत्पादन गरेको कृषि उत्पादनको बजारीकरण गर्न पालिकामा एउटा कृषि हाटबजारको व्यवस्था गरिनेछ ।

९. जलवायु परिवर्तनका असरबाट कृषि क्षेत्रमा देखा परेको चुनौती र जोखिम लाइ मध्यनजर गरि जलबायु अनुकुल बालि लगाउन सिफारिस गरिनेछ ।

१०. रैथाने बालि संरक्षण,प्रवर्द्धन र बजारीकरण गर्नको लागि मूल बिउ उत्पादन कार्यक्रम र पकेट क्षेत्र कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

११. व्यावसायिक रुपमा खेति गर्ने र समुहमा कृषि गर्ने कृषक समुहलाई मौसमी र बेमौसमी खेति गर्नको लागि आवश्यक कृषि सामग्री र बिउ बिजन ५० % अनुदानमा उपलब्ध गराइनेछ ।

१२. एक वडा एक उत्पादन र एक घर एक करेशाबारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. बाँझो जमिन उपयोग सम्बन्धि मापदण्ड तयार गरि बाँझो जमिनको अवस्था र हावापानी अनुकुल हुने सुहाउदो बालि लगाउन आवश्यक बिउ बीजनका अतिरिक्त नगद अनुदानको व्यवस्था गरिनेछ ।

१४. प्राकृतिक प्रकोप र जंगली जनावरले खेतिबलिमा पुर्याउने असरलाइ न्युनिकरण गर्न बालि बिमा निशुल्क गर्ने व्यवस्था गरिनेछ ।

१५. व्यावसायिक रुपमा पशुपालन गर्न चाहने कृषक समूहहरुलाई नगद अनुदानको व्यस्था गरिनेछ ।

१६. पशुपन्छी हरुमा देखिने विभिन्न प्रकारका रोगहरु न्यूनीकरण गर्न बर्षमा दुइ पटक प्रत्येक वडामा पशुपंक्षी उपचार शिविर संचालन गरिनेछ ।

१७. स्थानीय सरकार र सहकारी साझेदारी कार्यक्रम मार्फत स्थानीय उत्पादनको बजारीकरण गर्ने गरि सहकारी संग सम्झौता गरि स्थानीय उत्पादन लाइ बजार सम्म पुर्याउने व्यवस्था गरिनेछ ।

१८. सहकारी संस्थामा बढ्दो अनियमितता र संस्थागत सुशासनको कमिलाई मध्यनजर गर्दै बर्षमा कम्तिमा दुइ पटक पालिकाभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

१९. पर्यटन मार्फत सम्वृद्धि भन्ने मूल नारालाई आत्मसाथ गरि छेडेदह,खप्तड,बडालेक त्रिभुजिय पर्यटन रुटको बिकास गरिनेछ ।

२०. लघु उद्मम संचालन गर्न चाहने उद्यमीलाई उद्योग दर्तामा लाग्ने शुल्कमा शत प्रतिशत छुट प्रदान गरि स्थानिय उत्पादन लाइ प्रसोधन गर्ने उधोग लाइ नगद अनुदानको व्यवस्था गरिनेछ।

२१. बृहत छेडेदह पर्यटन गुरुयोजना निर्माण गरि छेडेदह काललाई आन्तरिक पर्यटन हबको रुपमा विकास गरिनेछ ।

२२. जडीबुटी निकासी तथा पैठारी गर्दा कुल बिक्रि आयको ९ प्रतिशतका दरले दस्तुर संकलन गरिनेछ ।

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ**

१. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि आपतकालीन कार्यसंचालन केन्द्र नभएका वडाहरुमा आपतकालिन कार्यसंचालन केन्द्र निर्माण गरि सम्भावित विपत जोखिमको लागि आवश्यक सामाग्री भण्डार गर्ने व्यवस्था गरिनेछ ।



**दिल बहादुर रावत**
**गाउँपालिका अध्यक्ष**

Scanned with CamScanner

२. सम्भावित विपद जोखिम न्यूनीकरण गर्नको लागि विपद क्षेत्रमा काम गरेको नेपाल रेडक्रस सोसाईटी संग सहकार्य गरि आवश्यक पुर्वतयारी गरिनेछ ।

३. सामुदायिक बनहरुले बिक्रिवितरण गर्ने वन पैदावारमा निश्चित रकम सेवा शुल्कको रुपमा तिर्नुपर्ने व्यवस्था गरिनेछ ।

४. ठुला तथा दिर्घकालिन महत्वका योजना आयोजना कार्यान्वयन गर्दा वातावरणिय प्रभाव मुल्यांकन अनिवार्य गरिनेछ ।

५. विपद पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेखित सम्भावित जोखिमका क्षेत्रहरुमा बसोबास गर्ने नागरिकका लागि बस्ति स्थानान्तरण र जोखिम नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

६. भू-उपयोग नक्सा तयार गरि प्रयोगमा ल्याइनेछ र मालपोत कार्यालयको सेवा पालिकाबाट संचालन गर्ने गरि कार्ययोजना निर्माण र कर्मचारी व्यवस्थापनको लागि आवश्यक तयारी गरिनेछ ।

७. बढ्दै गएको प्लाष्टिकजन्य फोहोरलाई द्दष्टिगत गरि फोहर संकलन केन्द्र स्थापना गरि फोहोर व्यवस्थापन गर्न डम्पिङ साइड निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

८. जलवायु परिवर्तनका कारण सिर्जित समस्या लाइ न्यूनीकरण गर्नको लागि जलबायु अनुकुलन योजना निर्माण गरि कार्यन्वयन गरिनेछ ।

९. बढ्दो बन बिनासलाइ द्दष्टिगत गरि परम्परागत काठ दाउराको खपत कम गर्न सुधारिएको चुलो|सौर्य उर्जा|विधुतीय उर्जा प्रयोग गर्नको लागि प्रोत्साहन गर्नुका साथै वन वृक्षारोपण कार्य लाई निरन्तरता दिइनेछ ।

**ङ) पूर्वाधार विकास तर्फ**

१. सम्पूर्ण वडा कार्यालयका प्रशासनिक भवनको निर्माण कार्य यसै आ.व भित्र सम्पन्न गरिनेछ र गाउँपालिकाको प्रशासनिक भवनको अपुग रकम गाउँपालिकाबाट विनियोजन गरि यसै आर्थिक बर्ष बाट सुचारु हुने गरि कार्यसम्पन्न गरिनेछ ।

२. वडा कार्यालयको केन्द्र जोड्ने सडकहरु बर्षभरी संचालन हुने गरि गाउँपालिकाको JCB मार्फत नाली निर्माण कार्य यसै आर्थिक बर्ष भित्र सम्पन्न गरिनेछ ।

३. बिधार्थी संख्या र भवन आवश्यकतालाई द्दष्टिगत गरि भवन बन्न नसकेका सम्पूर्ण सामुदायिक विद्यालयका भवन हरु दुइ बर्ष भित्र सम्पन्न गरिनेछन ।

४. गाउँपालिका भित्रका सडकहरुको स्तरोन्नति गर्नको लागि प्रदेश र संघीय सरकार संग समन्वय गरि निर्माण गरिनेछ ।

५. स्थानीय उत्पादनलाई द्दष्टिगत गरि आलु,प्याज लागायत फलफुलहरु भण्डारण गर्नको लागि प्रदेश र संघीय सरकार संग समन्वय गरि सितभण्डार गृह आगामी आर्थिक बर्षमा सुचारु हुने गरि निर्माणको लागि पहल गरिनेछ।

६. छेडेदह देखि खप्तड जोड्ने पर्यटन पदमार्गको बाँकी कामको लागि आवश्यक बजेट विनियोजन गरि यसै आर्थिक बर्ष भित्र पर्यटन पदमार्ग निर्माणको लागि पहल गरिनेछ ।

७. आटिचौर सुर्काखोला र सिउनगाडमा मोटरेवल पुल निर्माणको लागि आवश्यक बजेट विनियोजनका लागि संघ र प्रदेश सरकार संग माग गरिनेछ ।

८. सार्वजनिक सम्पतिको संरक्षण तथा प्रवर्दन गर्नको लागि सार्वजनिक जग्गाको अतिक्रमण हटाउन पहल गरिनेछ ।



दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

९. पूर्वाधार विकास तर्फ बजेट छर्ने प्रवृति लाइ अन्त्य गर्नको लागि ५ लाख भन्दा साना पूर्वाधार तर्फका आयोजना कार्यन्वयन गरिने छैन ।

१०. निमार्णधीन सिप विकास केन्द्र भवनको निर्माण कार्य सम्पन्न गरि पालिका स्तरिय एकीकृत सिप विकास योजना बनाइ कार्यान्वयन गरिनेछ।

११. छेडेदह तालमा आउने पर्यटन तथा आगन्तुक लाइ दृस्टीगत गरि मन्दिर,सार्वजनिक शौचालय र फोटो फ्रेम निर्माण गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु**

आर्थिक बर्ष २०८३।०८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रम खप्तड छेडेदह गाउँपालिका लाई सम्वृद्ध र सबल बनाउने हाम्रो चाहना र संकल्प लाइ साकार तुल्याउन महत्वपूर्ण कोसेढुङ्गा सावित हुने विस्वास लिएका छौं। प्रस्तावित नीति तथा कार्यक्रमको कार्यान्वयनबाट संस्थागत तथा सुशासन स्थापना भइ विकास र सम्वृद्धिले गति लिने कुरामा हामि पूर्ण विश्वस्त छौ ।

नेपालको संबिधान २०७२ ले स्थानीय सरकारलाई दिएका सम्पूर्ण अधिकारहरु संघियता कार्यान्वयन संगै शासकीय संरचना अन्तर्गत तिन तहका सरकार रहने संबैधानिक व्यवस्था रहेको यहाँहरुलाई अवगत नै छ ।सिमित श्रोत साधनका बीच आम नागरिकले हामीहरुबाट धेरै अपेक्षा गरेका छन जुन पुरा गर्नु हाम्रो साझा दायित्व पनि हो । समन्वय र सहकार्यले विकासका लागि न्यून श्रोत परिपूर्ति गर्न सकिन्छ भन्ने उदाहरणको रुपमा भारतीय राजदुतावास र काठमाडौं महानगरपालिका बाट निशुल्क उपहार स्वरूप प्राप्त एम्बुलेन्स लाई लिन सकिन्छ । यस प्रकार यस खप्तड छेडेदह गाउँपालिकाको सम्वृद्धि हासिल गर्न हाम्रो एक मात्र साझा लक्ष्य भएकोले हामि सबैले आ-आफ्नो ठाउबाट पहल गर्ने हो भने हामिले अपेक्षा गरेको समवृद्ध खप्तड छेडेदहको सपना पनि धेरै टाढा छैन। हामि सबैको साझा लक्ष्य खप्तड छेडेदह गाउँपालिका लाइ भोक, रोग, अशिक्षा र बेरोजगारी मुक्त गर्ने रहेको कुरा लाइ दृष्टिगत गरि साझा धारणा बनाउनु आजको आवश्यकता हो ।यसै गरी आगामी दिनको कार्यसम्पादनका लागी आवश्यक कानुनको प्रबन्धले गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणलाई थप गति दिनेछ भन्ने विश्वास लिएका छौं। हामिलाई यस कार्यमा निरन्तर राय सल्लाह र सहयोग गर्ने सबैमा हार्दिक आभार प्रकट गर्दै उच्च मुल्यांकन गर्दछु। यस क्रममा आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम तयारीको क्रममा सुझाब तथा सल्लाह प्रदान गर्न यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने संघ तथा प्रदेशका माननिय सांसद ज्यूहरु, सबै राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, विभिन्न सरकारी एवं गैर सरकारी निकायका प्रमुख एबम प्रतिनिधि ज्यूहरु, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु, गाउँपालिकाका बिभिन्न शाखाहरुमा कार्यरत सबै कर्मचारीहरु र सम्पुर्ण गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष

दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner